"कृषि पर्यटन हरियाली वन, समृद्ध मोलुङको खुसियाली मन"

मोलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा, ओखलढुङ्गा

स्था.: २०७३

प्रदेश नं. १, नेपाल

प.सं. : २०७७/०७८

च.नं. ४२

मिति:-२०७७/११/०९

श्री सबै (आठै वटा) वडा कार्यालयहरु,
मोलुङ गाउँपालिका ।

**विषय : बेरोजगार फारम भराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्ष २०७८/०७९ मा न्यूनतम रोजगारीमा सम्लग्न हुन चाहने व्यक्तिहरुको निवेदन तोकिएको ढाँचामा संकलन गरी बेरोजगार सुची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन २०७६ को बुँदा ४ बमोजिम छानविन गरी सोही मार्गदर्शनको बुँदा ५ बमोजिम सिफारिस गरी मिति २०७७ चैत्र ७ गतेभित्र यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा उपलब्ध गराउनुहुन यसै पत्र मार्फत जानकारी गराइन्छ ।

**द्रष्टव्य :**

- बेरोजगार दर्ता सम्बन्धी सुचना यसै पत्रसाथ सम्लग्न छ ।
- सम्लग्न सुचना वडा कार्यालय, वडा स्थित विद्यालय र सार्वजनिक स्थलहरुमा समेत टाँस गरी सबै वडावासीहरुले सुचना पाउने व्यवस्थाको सुनिश्चितताका लागि अनुरोध छ ।

**पुनश्च :** माग भएका सम्पूर्ण विवरणहरु उपलब्ध गराउनु आवेदकको दायित्व हो । त्यसैले सबै सरोकारवालाहरुले वडा कार्यालयमा आई तोकेको समयभित्र विवरण अध्यावधिक गराउनु होला अन्यथा विवरण पूर्ण नभएका आवेदकहरुलाई बेरोजगारको सूचीमा समावेश गरी रोजगारी उपलब्ध गराउन समेत नसकिने व्यहोरा जानकारी गराइन्छ ।

२०७७/११/०९

.............................................

सन्तोष गौतम

नि. प्रमुख प्रशासकीय अधिकृत

Phone:9852840501,Website:www.molungmun.gov.np,Email: info@molungmun.gov.np , molungrm@gmail.com

Scanned with CamScanner

"कृषि पर्यटन हरियाली बन, समृद्ध मोलुङको खुसियाली मन"

मोलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा, ओखलढुङ्गा

स्था. २०७३

प्रदेश नं. १, नेपाल

प.सं. : २०७७/०७८

च.नं. ४२

मितिः-२०७७/११/०९

## न्युनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने सुचना !

रोजगारीको हक सम्बन्धी ऐन २०७५ सोको नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संसोधन, २०७७) बमोजिम आर्थिक वर्ष २०७८/७९ मा न्युनतम रोजगारीमा आवद्ध हुन चाहने इच्छुक १८ देखि ५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिले आफू स्थायी बसोबास गरेको सम्बन्धीत वडा कार्यालयमा यहि **२०७७ फागुन मसन्तभित्रमा** बेरोजगार व्यक्तिको सुचीमा सुचिकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धीत वडा कार्यालय, रोजगार सेवा केन्द्र प्राप्चा तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिने छ ।
प्रधानमन्त्री रोजगार कार्यक्रमले विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्युनतम रोजगारी प्रदान गरी सहयोग पुऱ्याउने उद्देश्य राखेकाले सोही बमोजिमका व्यक्तिहरुलाई निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहुन अनुरोध गरिन्छ ।

**निवेदकले पेश गर्नुपर्ने कागजातहरु :**

१) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि -१ प्रति,

२) पासपोर्ट साइजको फोटो -१ प्रति,

३) परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्ममिति, नागरिकता नं., जारी मिति तथा जिल्ला,

४) परिवारका सम्पूर्ण सदस्यहरुको शैक्षिक योग्यता, सीप, तालिम, दक्षता, तथा रोजगारीको अवस्था,

५) स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि (ना.प्र.प. अन्य ठाउँबाट जारी भएको खण्डमा बसाइसराई प्रमाणपत्रको प्रतिलिपि र ना.प्र.प.मा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि,

६) कूल वार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता वा आम्दानी लिएको भए सो को विवरण,

७) यदि निवेदक बैदेशिक रोजगारीबाट फर्केको वा श्रम स्वीकृति लिई बैदेशिक रोजगारीमा जान नपाएको भएमा तपसिलको विवरण :

देश ............... पारपोर्ट नं. ................... विदेशमा गरेको कामसँग सम्बन्धीत सीप ..............

८) निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदकलाई मात्र सुचिकृत गरिने छ । थप जानकारीको लागि सम्बन्धीत वडा कार्यालय तथा रोजगार सेवा केन्द्र मोलुङ गाउँपालिकाको सम्पर्क (९८५२८४०३५७) मा सम्पर्क गर्न सकिने छ ।

२०७७/११/०९

..................................

सन्तोष गौतम

नि. प्रमुख प्रशासकीय अधिकृत

Phone:9852840501,Website:www.molungmun.gov.np,Email: info@molungmun.gov.np , molungrm@gmail.com

Scanned with CamScanner